(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न सक्नेछ ।

(७) आशयपत्रमा उल्लेख गरिएको समयसिमा भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान गरिने छैन ।

१०. अस्पताल संचालन गर्न आवश्यक मापदण्डः गाउँपालिकाको स्वीकृतीमा संचालन हुने अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

(१) जनशक्तिः कम्तिमा २ जना एमबिबिएस डाक्टर, कम्तिमा ४ जना स्टाफ नर्स, कम्तिमा एक जना ल्याव टेक्निसियन ४ जना स्वास्थ्य सहायक , ४ जना अ.हेव., ३ जना अ.न.मी र ४ जना कार्यालय सहयोगी

(२) भवन तथा कोठाः दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ, फारमेसी हुनुपर्ने ।

(३) उपकरण र पूर्वाधारः सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, अग्निशजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको प्रणाली भएको हुनुपर्ने ।

(४) अन्य पुर्वाधारहरु तोकिए बमोजिम हुनेछ ।

११. पोलिक्लिनिक संचालनको अनुमतीः

(१) गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पालिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ ।

१२. मेडिकल प्रयोगशाला संचालनः व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला संचालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला संचालन गर्ने स्थान, घरधनी र संचालकबीचको घरभाडा सम्बन्धी संझौता पत्र

(३) प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र

(४) ल्याबमा उपलब्ध हुने परीक्षणको प्रकार

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

(६) प्रस्तावित लागत

१३. फार्मेसी संचालनको अनुमती

फार्मेसी संचालन गर्ने व्यक्ती वा फर्मले गाउँपालिकामा अनुमतिको लागी निवेदन पेश गर्दा तोकिएको मापदण्ड पुरा गरि औषधि व्यव्स्था बिभागबाट स्वीकृति लिएको फार्मेसी संचालन अनुमतीपत्र पेश गर्नु पर्नेछ ।

१४. मापदण्ड पुरा नगरेमा सजाय हुनेः

मर्चवारी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रायपुर, रुपन्देही ५ नं. प्रदेश नेपाल २०७३

केशव नन्द वनिया
गाउँपालिका अध्यक्ष